संघीय संसद
राष्ट्रिय सभा
राष्ट्रिय सरोकार तथा समन्वय समिति

बैठक संख्याः १७६
मिति २०८०/०२/२९
समयः दिनको ३:०० बजे
प्रारम्भः दिनको ३:०० बजे
अन्त्यः दिनको ४:३५ बजे

<u>छलफल तथा निर्णय</u> :-

समितिको आज मिति २०८०/०२/२९ गते बसेको बैठकमा एकिकृत निर्वाचन कानून तर्जुमा, जिल्ला निर्वाचन कार्यालय खारेजीमा आयोगको धारणा, निर्वाचन प्रणालीमा गर्नुपर्ने सुधारका सम्बन्धमा माननीय प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलिया, माननीय निर्वाचन आयुक्त डा. जानकी कुमारी तुलाधर र निर्वाचन आयोगका सचिवसँग छलफल भई देहाय बमोजिम निर्णय भयोः-

१. संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको प्रयोजनको लागि मतदाता नामावली संकलन गर्दा स्थानीय तहबाटै शुरु गर्ने साथै विदेशमा रहेका नेपाली नागरिकको मताधिकार सुनिश्चितताको लागि मतदाता नामावली संकलन कार्य विदेशस्थित नेपाली कुटनीतिक नियोग मार्फत गर्न नेपाल सरकार र निर्वाचन आयोग, नेपाललाई निर्देशन दिने ।

२. निर्वाचन प्रणाली सम्बन्धमा नीति अनुसन्धान प्रतिष्ठानसँग छलफल गर्ने।

३. जिल्ला निर्वाचन कार्यालय खारेजी सम्बन्धमा नेपाल सरकार, गृह मन्त्रालसँग छलफल गर्ने।

४. समितिको आगामी बैठक मिति २०८०/०२/३० गते बिहान ११:०० बजे बस्ने बैठकमा राष्ट्रिय गौरवको आयोजना पशुपति क्षेत्र विकास कोषको सम्पत्ती र यसको उपयोग सम्बन्धमा छलफल गर्न कोषको पदाधिकारीसँग छलफल हुने गरी आजको बैठक अन्त्य भयो।

(सीता काफ्ले वाग्ले)
समिति सचिव

(दिल कुमारी रावल थापा (पार्वती))
सभापति